शुक्लाफाँटा नगरपालिका

शुक्लाफाँटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

## सङ्गठन व्यवस्थापन सर्वेक्षण कार्यमा सेवा प्रदायक कम्पनी/फर्म/संस्थाका लागि कार्य बिवरण

## (TERMS OF REFERENCE)

### १ सङ्गठन व्यवस्थापन सर्वेक्षणको पृष्ठभूमि :

स्थानीय तहको अधिकार र साझा अधिकारहरु संविधानको अनुसूची ८ र ९ मा उल्लेखित बिषयमा रहेका छन । स्थानीय सरकार संचालन ऐन, २०७४ उल्लेखित नगरपालिका तथा गाउँपालिकाको काम, कर्तब्य र अधिकारका हकमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा विभिन्न प्रावधान रहेका छन । स्थानीय तहले आफ्नो कार्यबोझ, राजस्व राजस्व, खर्चको आकार, स्थानीय आवश्यकता र बिशिस्टताका आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने व्यवस्था छ । सङ्गठन सम्बन्धि पुनरसंरचना गरिदा कायम सङ्गठन संरचना, सङ्गठनको कार्यक्षेत्र, सेवा प्रवाह सम्बन्धी कार्यबोझ र सोको औधित्य तथा उपलब्ध मनावास्रोतको आधारमा यस नगरपालिकाले पनि संगठन तथा ब्यबस्थापन सर्भेक्षण गराई सो को प्रतिबेदनको आधारमा आफ्नो संगठन र दरबन्दी स्वीकृत गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याएको छ ।

हाल समयान्तरका कारणले नगरपालिकाको काम, कर्तब्य र जिम्मेबारीलाई थप व्यवस्थित गर्न विद्यमान सांगठनिक स्वरुप र जनशक्ति माथि पुनराबलोकन गर्नु पर्ने अवस्था देखिएको र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समेत संघ, प्रदेस र स्थानीय तहको संगठन, संरचना र दरवन्दी सिर्जना र पुनरावलोकनको कार्य, कर्यप्रकृति, कार्यबोझ र औचित्यका आधारमा वास्तुपुरक बनाउन र सङ्गठन व्यवस्थापन सर्वेक्षणको आधार तथा प्रक्रियामा तिनवटै तहका सरकारबीच एकरुपता कायम गर्न सङ्गठन व्यवस्थापन सर्वेक्षण सम्बन्धी रास्ट्रीय मापदण्ड २०८२ जारी~~गर्ने~~ गरेको छ ।

यसै सन्दर्भमा नगरपालिकाहरुको बर्तमान जिम्मेवारी, स्थानीय सरकारको रुपमा निर्वाह गर्नु पर्ने भूमिका अनुसारको कार्यबोझ, स्थानीय नगरवासीको बढ्दो अपेक्षा एवं सेवा प्रवाहमा पर्न आएको चापलाई समेत दृष्टिगत गरी स्थानीय तहको सेवा प्रवाहमा प्रभावकारीता ल्याउन साबिकको संगठन एवं दरवन्दीमा आवश्यक परिमार्जन गरी नगरपालिकाको कार्य विभाजन र कार्य सम्पादनमा सघाउ पुऱ्याउन आवश्यक देखिएको हुंदा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९० मा उल्लेख भए बमोजिम स्थानीय तहका कर्मचारीहरुको तहगत प्रणाली अपनाउने विषयलाई ध्यानमा राखी हाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको सङ्गठन व्यवस्थापन सर्वेक्षण सम्बन्धी रास्ट्रीय मापदण्ड २०८२ ले तोकेको ढांचा र मापदण्ड बमोजिम यस नगरपालिकाले सङ्गठन व्यवस्थापन सर्वेक्षण संरचना अध्यावधिक गर्ने लक्ष्य राखेको छ ।

### २ सङ्गठन व्यवस्थापन सर्वेक्षणको अध्ययनको उद्देश्य :

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसारको काम कर्तब्य बहन गर्नु पर्ने दायित्व ~~नमस्पालिका~~ नगरपालिकामा पनि रहेको छ । अतः ऐनले तोकेको काम कर्तब्य संपादन गर्नका लागि स्थानीय नीति, योजना र कार्य प्रणालीलाई संस्थागत गर्न शुक्लाफनता नगरपालिकाको विद्यमान संगठन संरचनामा पुनरावलोकन गरी परिबर्तित अबस्था अनुसार संगठन तालिका, जनशक्तिको दरबन्दी र कार्य

CamScanner

प्रमुख प्रशासकीय अधिकृत

बिबरण तयार गर्नु नितान्त आवश्यक देखिएको छ । दोश्रो पटक निर्वाचित जनप्रतिनिधि प्रति जनताको उच्च अपेक्षा रहेकोले त्यसलाई पनि सम्बोधन हुने गरी विकास कार्यलाई व्यस्थितरुपमा संचालन गर्नु पर्ने अवस्था छ भने अर्कोतर्फ संविधानको मर्म अनुसार जनतालाई घर घरमा सरकारको उपस्थितिको प्रत्याभूत गराउने जिम्मेवारी पनि नगरपालिकामा आएको छ । यसै परिप्रेक्षमा नगरपालिकाको संगठन बिकास तथा व्यवस्थापन सर्वेक्षण गर्नुका निम्न उद्देश्यहरु रहेका छन् :

१ नेपालको संबिधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले परिकल्पना गरेको स्थनीय सरकारको काम कर्तब्य र भूमिका निर्वाह गर्न उपयुक्त हुने गरी नगरपालिकाको काम कर्तब्य र भूमिकाको लेखाजोखा र बिद्यमान संगठन संरचनाको पुनराबलोकन गरी उपयुक्त सगठन तालिका तयार गर्ने ।

२ नगरपालिकाका विभिन्न शाखा एवं उपशाखाको कार्यजिम्मेवारी अनुरुप बिद्यमान दरबन्दी र कार्यरत कर्मचारी संख्याको पुनराबलोकन गरी आबश्यक दरबन्दी थपघट गर्न सिफारिस गर्ने ।

३ नगरपालिकाको सांगठनिक संरचना अनुसारका शाखा र उपशाखाहरुका पदाधिकारी र कर्मचारीहरुको कार्य जिम्मेवारी समेत निश्चित हुने गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको सङ्गठन व्यवस्थापन सर्वेक्षण सम्बन्धी रास्ट्रीय मापदण्ड २०८२ ले तोकेको ढांचा नयाँ संगठन संरचना तथा कर्मचारी मापदण्ड प्रस्ताव गर्ने ।

४ नगरपालिकाको प्रशासनलाई चुस्त, नतिजामूखि र जबाफदेही बनाउन आबश्यक सुझावहरु तयार गर्ने ।

## ३ सङ्गठन व्यवस्थापन सर्वेक्षणको अध्ययनको विधिः

नगरपालिकाको सांगठनिक संरचना अध्ययन गरी प्रतिवेदन तयार गर्ने क्रममा निम्न विधि अवलम्बन गरिने छ ।

| सि.न. | गतिविधि | प्रमुख कायय |
|---|---|---|
| १ | दस्तावेज अध्ययन | अध्ययनको क्रममा नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन, कानून, निर्देशिका एव नगरपालिकाको बिद्यमान संगठन तालिका, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा स्थानीय तहहरुको लागि प्रदान गरेका निर्देशिका, मापदण्ड, मार्गदर्शन र कार्यपालिका वा नगरसभाद्वारा पारित निर्णयहरु आदि जस्ता आबश्यक दस्ताबेजहरुको अध्ययन गर्ने । |
| २ | सूचना वा तथ्यांक संकलन | उपमहानगरपालिकाको कार्य विश्लेषणको क्रममा शाखागत र वडागत रुपमा आबश्यक सूचना वा तथ्यांक संकलन गर्ने । |
| ३ | अभिमूखिकरण तथा अन्तरक्रिया | संगठन तथा ब्यबस्थापन सर्भेक्षणको आवश्यकता र यसका बिबिध पक्षहरु, सङ्गठन व्यवस्थापन सर्वेक्षण सम्बन्धी रास्ट्रीय मापदण्ड २०८२ मा भएका ब्यस्थाहरु, मौजूदा संगठनमा देखिएका सवल र कमजोर पक्षहरु, को बारेमा क्रममा नगरपालिका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, र सदस्यहरु |

CamScanner

शुक्लाफाँटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | लगायत कार्यालयका शाखा तथा उपशाखाका प्रमूख, सर्वेक्षण समिति, वडा समिति र अन्य सम्वन्धित कर्मचारीको सहभागितामा अभिमूखिकरण र अन्तरक्रिया गर्ने । |
| ४ | परामर्श बैठक | नगरपालिका प्रमुखका साथै प्रमुख प्रशासकीय अधिकृतसंग, शाखा तथा उपशाखामा कार्यरत कर्मचारीहरुसंग परामर्श बैठक गरी विद्यमान संगठन संरचना, कर्मचारी दरवन्दीका र हाल देखा परेका समस्याका बारेमा छलफल गर्ने। |
| ५ | मस्यौदा प्रतिबेदन प्रस्तुति र पृष्ठपोषण संकलन | नगरपालिका प्रमुखका, उप-प्रमुख, वडा अद्द्यक्ष्, प्रमुख प्रशासकीय अधिकृतसंग, शाखा तथा उपशाखामा कार्यरत कर्मचारीहरुसंग परामर्श बैठक गरी मस्यौदा प्रतिबेदन माथि छलफल गरि पृष्ठपोषण संकलन गर्ने |
| ५ | अन्तिम प्रतिवेदन पेश | पृष्ठपोषण समाबेश गरी अन्तिम प्रतिबेदन पेश गर्ने |

## ४ कार्यक्षेत्र (परामर्श दाता/बिज्ञ ले गर्नु पर्ने कार्यहरु)

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको सङ्गठन व्यवस्थापन सर्वेक्षण सम्बन्धी रास्ट्रीय मापदण्ड २०८२ ले तोकेको ढांचामा नगरपालिकाको वर्तमान संगठनिक संरचना र कायम दरबन्दीको पुनरावलोकन गरी नगरपालिकाको सांगठनिक संरचना अनुसारका शाखा, उपशाखा, र कर्मचारीहरुको तहगत दरबन्दी तेरिज र कार्य बिवरण बिस्लेश्र्ण गरी नगरपालिकाको नया सङ्गठन व्यवस्थापन सर्वेक्षण प्रतिबेदन तयार गर्ने ।परामर्श दाता वा विज्ञले तपशिल बमोजिमको कार्य गर्नु पर्ने छ ।

१ स्थानीय तहको संबैधानिक अधिकार क्षेत्रका कार्यसम्पादनको संगठन, विकास, जनसक्ति व्यस्थापन र कार्यसम्पादन सम्बन्धमा समिक्षा गरी दरबन्दी र कार्य बिवरण प्रावधान बारे ज्ञान पुरारवालोकन गर्ने

२ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको सङ्गठन तथा व्यस्थापन सर्वेक्षण सम्बन्धमा भएको व्यस्थापनको अध्ययन गर्ने

३ संघीय तथा प्रदेश लोकसेवा आयोगमा र सङ्गठन व्यवस्थापन सर्वेक्षण सम्बन्धी रास्ट्रीय मापदण्ड २०८२ भएका प्रावधान बारे ज्ञान पुरारवालोकन गर्ने

४ नगरपालिका नगर प्रमुख, नगर उप-प्रमुख, वडा वडाअध्यक्षहरु, कार्यपालिका सवदस्यहरु, कर्मचारीहरु संगठन संरचना तथा व्यवस्थापन सम्बन्धमा जानकारी दिन अभिमुखीकरण आयोजना गर्ने

५ तथयांङ्क र सूचना संकलनका लागि जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरु बिसंग छलफल गर्ने

६ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण मस्यौदा तयार गरी कार्यपालिकामा पेस गर्ने

७ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको क्रममा आएका सल्लाह सुझावहरुलाई समेटी अन्तिम प्रतिबेदन तयार गरी नगरपालिकामा हस्तान्तरण गर्ने

CamScanner

शुक्लाफाँटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

५. प्रतिवेदन (Deliverable)

| सि.न. | बिवरण | हप्ता | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ |
| १ | कार्य सम्झौता | | | | | | |
| २ | प्रारम्भिक प्रतिवेदन | | | | | | |
| ३ | दस्तावेज अध्ययन | | | | | | |
| ४ | अभिमूखिकरण तथा अन्तरक्रिया | | | | | | |
| ५ | परामर्श बैठक | | | | | | |
| ६ | मस्यौदा प्रतिवेदन प्रस्तुति र पृष्ठपोषण संकलन | | | | | | |
| ७ | अन्तिम प्रतिवेदन पेश | | | | | | |

६. अवधि : २:५ महिना

CamScanner

शुक्लाफाँटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

७. परामर्श सेवा प्रदायक संस्था र मुख्य जनशक्तिको योग्यताको विवरण :

(क) परामर्श सेवा प्रदायक संस्थाको विवरण :

१ कम्पनी दर्ता तथा नविकरण सम्बन्धि प्रमाणपत्रको प्रतिलिपी
२ आन्तरिक राजश्व कार्यालयबाट मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३ आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्र।
४ कालोसूचीमा नपरेको स्वघोषणा पत्र ।
५ परामर्श सेवा प्रदायक संस्थाको सम्बिन्धित बिषयमा कम्तिम ३ बर्षको अनुभव भएको ।

७ (ख). मुख्य जनशक्तिको विवरण

| जनशक्ति बिवरण | शैक्षिक योग्यता | कार्य अनुभव | प्रमुख कार्यहरु | अनुमानित समय |
|---|---|---|---|---|
| टोली नेता | स्नातकत्तोर तह उत्तीर्ण | • स्थानीय शासन, संस्थागत क्षमता विकास वा संगठन व्यवस्थापनमा कम्तीमा १५ वर्षको अनुभव<br>• संग, प्रदेश र स्थानीय तह, सरकारी तथा गैर सरकारी निकायहरु संग कम्तिमा १० बर्ष प्रत्यक्ष काम गरेको अनुभव<br>• नीति निर्माण, संस्थागत क्षमता विकास संघीय, प्रादेशिक तथा स्थानीय स्तरमा शासन सुधार सम्बन्धि अनुभव<br>• संगठन संरचना विश्लेषण, तथा व्यवस्थापन प्रणालीको मूल्याङ्कनमा दक्षता | • कार्यक्रम संचालन गर्न नगरपालिका र बिज्ञ टोलीका सदस्य सँग समन्वय सहकार्य गर्ने<br>• स्थानीय तहको सङ्गठन तथा व्यस्थापन सर्वेक्षण सम्बन्धमा भएको व्यस्थापनको अध्ययन गर्ने<br>• मौजुदा संगठन, शाखा/फाँट, दरबन्दी र पदहरूको अध्ययन बिक्षेश्रण गरी शाखा/फाँट र दरबन्दीहरु थप-घट गर्न र सोहि बमोजिम कार्य विवरण तयार गर्ने<br>• संगठन व्यवस्थान सर्वेक्षण मसौदा प्रतिबेदन तयार गरी सरोकारवालाहरुको संगको छलफलबाट प्राप्त पृष्ठपोषणको आधारमा अन्तिम प्रतिबेदन पेस गर्ने | ३५ दिन |
| प्रशासन विज्ञ | स्नातकत्तोर तह उत्तीर्ण | • नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय निकायमाहरुमे कार्य गरेको वा सह-कार्य गरेको कम्तिमा १५ बर्षको अनुभव<br>• प्रशासनिक प्रणाली, मानव | • विधमान प्रशासनिक अभ्यासहरूको अध्ययन<br>• संगठनात्मक संरचना, दरबन्दी व्यवस्थापन, र कार्यप्रवाह को मूल्याङ्कन<br>• स्थानीय सरकारका लागि | १५ |

नगर कार्यपालिकाको कार्यालय
भजनी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | संसाधन व्यवस्थापन, र संस्थागत क्षमता मूल्याङ्कनमा दक्षता<br>• स्थानीय सरकार संचालन ऐन, २०७४, नेपालको संबिधान, संघीय, प्रादेशिक, र स्थानीय तहमा प्रशासनिक सुधार र नीतिनिर्माणमा संलग्न भएको | प्रशासनिक सुधार मोड्युल विकास गर्ने<br>• कार्यविभाजन, जिम्मेवारी स्पष्टता, र प्रतिवेदन तयार गर्ने<br>• संगठनात्मक सुधार र कार्यक्षमता अभिवृद्धि गर्ने उपायहरू प्रस्तुत गर्ने<br>• सर्वेक्षण प्रतिवेदन, सुधारका लागि सिफारिसहरू र कार्यान्वयनका लागि मार्गदर्शन उपलब्ध गराउ टोलि नेतालाई सहयोग गर्ने | |
| वित्तीय व्यवस्थापन विज्ञ | स्नातकत्तोर तह उत्तीर्ण | सार्बजनिक वित्त व्यस्थापनमा, नेपाल सरकारको लेखा प्रणालीमा कम्तिमा १५ बर्षको अनुभव | • विद्यमान दरबन्दीको वित्तीय व्यवस्थापन अभ्यासहरू, कमजोरीहरू, तथा राष्ट्रिय मापदण्डहरूसँगको अनुपालनको समीक्षा गर्ने<br>• नया संगठन व्यवस्थापन सर्वेक्षणमा प्रस्ताव गरिएका वा थपिएका दरबन्दीहरुको बितीय स्रोत, बजेटिङ, खर्च ट्र्याकिङ, तथा प्रतिवेदन प्रणाली सहित वित्तीय व्यवस्थापन मोडयुलहरू विकास गर्ने | १५ |
| तथ्याङ्क विश्लेषक | स्नातकत्तोर तह उत्तीर्ण | तथ्यांक संकलन, विश्लेश्रण कार्यमा कम्तिमा १० बर्षको अनुभव | तथ्यांक संकलन र विश्लेषण गरी बजेट तथा दरबन्दी तेरिजको टेबुलहरु तयार गर्ने | १५ |
| कम्प्युटर अपरेटर | स्नातक उत्तीर्ण गरी ६ महिने कम्पूटर तालिम प्राप्त | टाईपिङ, भाषा शुद्धाशुद्धी, डिजाईन र प्रतिवेदन लेखनमा ५ बर्षको अनुभव | टाईपिङ, भाषा शुद्धाशुद्धी, डिजाईन र प्रतिवेदन लेखन | १० |

झलारी पिपलाडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**८(क). मुख्य जनशक्तीलाई परिवर्तन गर्ने विषय :**
परामर्शदाताको मुख्य जनशक्तिको रूपमा प्रस्तावित परामर्शदाता सम्झौता पश्चात काम गर्न नसक्ने गरी बिरामी भएको, दुर्घटनामा परेको वा मृत्यु भएको वा अन्य मनासिब कारणले त्यस्तो कार्य गर्न नसक्ने भएकोमा बाहेक अन्य अवस्थामा त्यस्तो मुख्य जनशक्तिको रूपमा प्रस्तावित व्यक्तिलाई परिवर्तन गर्न पाईने छैन।

**८(ख). मुख्य जनशक्तिलाई अन्य परामर्श सेवा खरिद प्रक्रियमा प्रयोग गर्न नमिल्ने विषय :**
कुनै परामर्शदाता मुख्य जनशक्तिको हैसियतले सम्झौता बमोजिम पूर्णकालीन रूपमा संलग्न रहेको अवस्थामा सम्झौता बमोजिम कार्य सम्पन्न नभएसम्म सो सम्झौता बमोजिमको कार्यतालिकामा दोहोरो पर्ने गरी सोही व्यक्तिको व्यक्तिगत विवरण अन्य परामर्श सेवा खरिद प्रक्रियामा प्रयोग गर्न मिल्ने छैन।

**९. समयसीमा** : परामर्शदाताले सम्झौता भएको मितिले तीन दिनभित्र कार्य शुरू गरी सम्झौतामा उल्लेख गरीएको मितिमा कार्य सम्पादन गरि सक्नु पर्नेछ।

**१०. सार्वजनिक निकायले परामर्शदातालाई उपलब्ध गराउनु पर्ने विवरण** : सार्वजनिक निकायले परामर्शदातालाई आवश्यक पर्ने सबै सूचनाहरू उपलब्ध गराउनेछ। परामर्शदाताले आर्थिक प्रस्तावमा प्रस्ताव गरेका विषयहरू बाहेक थप भौतिक सुविधाहरू र उपकरणहरू सार्वजनिक निकायले आर्थिक व्ययभार नपर्ने गरी उपलब्ध गराउन सक्नेछ।

**११.कार्यकोलागत (Cost of the Assignment):**
यस कार्यका लागि परामर्श सेवाको कुल लागत अधिकतम रु. ५,००,००० (अक्षरेपी पाँच लाख मात्र) रहनेछ। यस कार्यालयले सम्झौता अनुसार स्वीकृत बजेट सीमा भित्र रही मात्र भुक्तानी गर्नेछ।

**१२. प्रतिवेदन पेश गर्नुपर्ने** : परामर्शदाताले सम्झौता बमोजिम कार्यसम्पादन गरेपश्चात नगरपालिकाको संगठन र व्यवस्थापन सर्वेक्षण प्रतिवेदनको दुई प्रति भौतिक कपी नगरपालिकालाई पेश गर्नुपर्नेछ।

CS CamScanner

१२ संगठन व्यवस्थापन सर्वेक्षणमा समावेश गरिने विषयवस्तुः

भाग-१

१.१ अध्ययनको पृष्ठभूमि
१.२ अध्ययन समितिको परिचय
१.३ अध्ययनको उदेश्य
१.४ अध्ययनको बिधि
१.५ कार्यदलको परिचय
१.६ अध्ययन सीमा

भाग-२

२.१ विद्यमान साँगठनिक ढाँचा
२.२ विद्यमान दरबन्दी तेरिज
२.३ उपलव्ध मानव श्रोतको बिश्लेश्रण
२.४ विद्यमान संरचना र दरबन्दी सम्बन्धमा देखिएका समस्याहरु

भाग ३

३.१ कर्यप्रकृतिको बिस्लेश्रण
३.२ कर्यबोझ्को बिस्लेश्रण
३.३ मानवश्स्रोतको आंकलन
३.४ संगठन संरचना र दरबन्दी परिवर्तनको औचित्य

भाग ४

४.१ प्रतावित संगठनिक ढाँचाको व्याख्या
४.२ प्रस्तावित दरबन्दी तेरिजको व्याख्या
४.३ वितीय विस्लेश्रण
४.४ कार्य विवरण

भाग ५

५.१ निस्कर्ष तथा सुझाव

अनुसूचीहरुः

अनुसूची १ प्रतावित संगटन संरचना
अनुसूची २ प्रस्तावित दरवन्दी तेरिज
अनुसूची ३ संगटन संरचना तथा दरबन्दी संचालनको लागत बिस्लेश्रण (बितीय बिस्लेश्रण)
अनुसूची ४ कर्यबोझ तथा कार्य सम्पादन बिश्लेश्रण
अनुसूची ५ महासाखा/साखा/इकाई/फाँटहरुको कार्यविवरण
अनुसूची ६ पद अनुसारको कार्यविवरण

शुक्लाफाँटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

## संगठन व्यवस्थापन सर्बेक्षणमा कार्यको लागि सेवा प्रदायकको मूल्याङ्कन मापदण्ड

| सि.न. | मापदण्ड | पूर्णअंक | प्राप्तांक |
|---|---|---|---|
| १ | **सम्बन्धित क्षेत्रमा सेवा प्रदायक संस्थाको कार्य अनुभव** | १० | |
| १.१ | संगठन व्यवस्थापन सर्बेक्षणमा र स्थानीय शासन प्रणालीमा कम्तिमा ५ बर्षको अनुभव | १०% | |
| १.२ | संगठन व्यवस्थापन सर्बेक्षणमा र स्थानीय शासनमा कम्तिमा ४ बर्षको अनुभव | ९% | |
| १.३ | संगठन व्यवस्थापन सर्बेक्षणमा र स्थानीय शासनमा कम्तिमा ३ बर्षको अनुभव | ८% | |
| २ | **सर्वेक्षणको अध्ययन विधि, कार्य योजना र गुणस्तर सुनिश्चितता** | २० | |
| २.१ | सर्वेक्षणको अध्ययन विधि, कार्य योजना र गुणस्तर सुनिश्चितता सम्बन्धि स्पस्ट व्याख्या गरेको | २०% | |
| २.२ | सर्वेक्षणको अध्ययन विधि, कार्य योजना र गुणस्तर सुनिश्चितता सम्बन्धि ब्याख्या गरेको | १५% | |
| २.३ | सर्वेक्षणको अध्ययन विधि, कार्य योजना र गुणस्तर सुनिश्चितता सम्बन्धि सामान्य ब्याख्या गरेको | १०% | |
| ३ | **जनसक्तिको शैक्षिक योग्यता, व्यावसायिक अनुभव (स्थानीय शासन, संगठनात्मक सुधार, वित्तीय व्यवस्थापन र नीति विश्लेषण)** | ७० | |
| ***३.१*** | ***टोली नेता*** | २५ | |
| ३.१.१ | स्नातकोत्तर गरी स्थानीय शासन, संगठनात्मक सुधार, वित्तीय व्यवस्थापन तथा संघीय, प्रादेशिक र स्थानीय तहको नीतिनिर्माणमा कम्तिमा १५ बर्ष भन्दा माथिको अनुभव | २५% | |
| ३.१.२ | स्नातकोत्तर गरी स्थानीय शासन, संगठनात्मक सुधार, वित्तीय व्यवस्थापन तथा संघीय, प्रादेशिक र स्थानीय तहको नीतिनिर्माणमा कम्तिमा १२ बर्ष भन्दा माथिको अनुभव | २०% | |
| ३.१.३ | स्नातकोत्तर गरी स्थानीय शासन, संगठनात्मक सुधार, वित्तीय व्यवस्थापन तथा संघीय, प्रादेशिक र स्थानीय तहको नीतिनिर्माणमा कम्तिमा १२ बर्ष भन्दा माथिको अनुभव | १५% | |
| ***३.२*** | ***प्रशासन विज्ञ*** | १५ | |
| ३.२.१ | स्नातकोत्तर गरी प्रशासनिक प्रणाली, मानव संसाधन व्यवस्थापन र संस्थागत क्षमता मूल्याङ्कन, स्थानीय सरकार संचालन ऐन, २०७४, संघीय, प्रादेशिक, र स्थानीय तहमा प्रशासनिक सुधार र नीतिनिर्माणमा संलग्न भएको कम्तिमा १५ बर्षको अनुभव | १५% | |
| ३.२.२ | स्नातकोत्तर गरी प्रशासनिक प्रणाली, मानव संसाधन व्यवस्थापन र संस्थागत क्षमता मूल्याङ्कन, स्थानीय सरकार संचालन ऐन, २०७४, संघीय, प्रादेशिक, र स्थानीय तहमा प्रशासनिक सुधार र नीतिनिर्माणमा संलग्न भएको कम्तिमा १२ बर्षको अनुभव | १२% | |
| ३.२.३ | स्नातकोत्तर गरी प्रशासनिक प्रणाली, मानव संसाधन व्यवस्थापन र संस्थागत क्षमता मूल्याङ्कन, स्थानीय सरकार संचालन ऐन, २०७४, संघीय, प्रादेशिक, र स्थानीय तहमा प्रशासनिक सुधार र नीतिनिर्माणमा संलग्न भएको कम्तिमा १० बर्षको अनुभव | १०% | |
| ***३.३*** | ***वित्तीय व्यवस्थापन विज्ञ*** | १५ | |
| ३.३.१ | स्नातक गरी सार्बजनिक वित्त व्यस्थापनमा, नेपाल सरकारको लेखा प्रणालीमा कम्तिमा १५ बर्षको अनुभव | १५% | |
| ३.३.२ | स्नातक गरी सार्बजनिक वित्त व्यस्थापनमा, नेपाल सरकारको लेखा प्रणालीमा कम्तिमा १० बर्षको अनुभव | १२% | |
| ३.३. | स्नातक गरी सार्बजनिक वित्त व्यस्थापनमा, नेपाल सरकारको लेखा प्रणालीमा कम्तिमा ५ | १०% | |

CamScanner

नगर कार्यपालिकाको कार्यालय
झलारी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ३ | बर्षको अनुभव | | |
| ३.४ | *तथ्याङ्क विश्लेषक* | १० | |
| ३.४.१ | स्नातकोत्तर गरी तथ्यांक संकलन, बिश्लेश्रण कार्यमा कम्तिमा १० बर्षको अनुभव | १०% | |
| ३.४.२ | स्नातकोत्तर गरी तथ्यांक संकलन, बिश्लेश्रण कार्यमा कम्तिमा ८ बर्षको अनुभव | ९% | |
| ३.४.३ | स्नातकोत्तर गरी तथ्यांक संकलन, बिश्लेश्रण कार्यमा कम्तिमा ५ बर्षको अनुभव | ८% | |
| ३.५ | *कम्प्युटर अपरेटर* | ५ | |
| ३.५.१ | स्नातक गरी टाईपिङ, भाषा शुद्धाशुद्धी, डिजाईन र प्रतिवेदन लेखनमा ५ बर्षको अनुभव | ५% | |
| ३.५.२ | स्नातक गरी टाईपिङ, भाषा शुद्धाशुद्धी, डिजाईन र प्रतिवेदन लेखनमा ४ बर्षको अनुभव | ४% | |
| ३.५.३ | स्नातक गरी टाईपिङ, भाषा शुद्धाशुद्धी, डिजाईन र प्रतिवेदन लेखनमा ३ बर्षको अनुभव | ३% | |
| | **जम्मा** | १०० | |

CamScanner